नेपाल सरकार

रक्षा मन्त्रालय

मिति: २०८३/०८/११

मन्त्रालयबाट सम्पादित कार्यहरूको मासिक प्रगति विवरण

आ. व. २०८३/८४ महिना: कार्तिक

क. प्रशासन तथा शासकीय सुधार महाशाखा

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
१.	प्रशासन शाखा	- नेपाल सरकारका मूख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८३/०७/१६ गते बसेको सचिव बैठकहरूबाट भएको निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, - यस मन्त्रालयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको २०८३ असोज मसान्तसम्मको कार्यान्वयन अवस्थाको प्रगति विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा प्रविष्टि गरी प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, - नेपाली सेनाबाट सिफारिस भई आए बमोजिम नियमित बढुवा, नियुक्ति, सरूवा र राजीनामा लगायत कार्यसम्पादन गरिएको (नियमित बढुवा ७ जना, नियुक्ति ९६ जना, सरूवा २ जना र राजीनामा ८ जना), - मन्त्रालयबाट रमाना भई जानु भएका ५ जना कर्मचारीहरूको सम्बन्धमा आवश्यक प्रशासनिक कार्य गरिएको,

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
२.	शासकीय सुधार तथा जनशक्ति विकास शाखा	- नेपाली सेनातर्फ (सकलदर्जा) ६५ जना (तालिम, सेमिनार/कन्फरेन्स/वर्कसप/कार्यक्रम) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको, - प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित शासकीय सुधार एकाइको बैठक सहसचिव श्री बाबुराम भण्डारीको संयोजकत्वमा मिति २०८३ कार्तिक २७ गते सम्पन्न भएको,
३.	कानून, फैसला कार्यान्वयन तथा मानव अधिकार शाखा	- नेपाली सेनाका सैनिक व्यक्तिहरूको बढुवा तथा नियुक्ति सम्बन्धमा कानूनी राय/परामर्श पेश गरिएको (४ वटा) र सैनिक ऐन, २०६३ को दफा ६२ को उपदफा (२) को समितिको खण्ड (क) बमोजिमको अध्यक्षमा नायब महान्यायाधिवक्ता तोक्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न निर्णयार्थ पेश गरिएको, - हेलो सरकार पोर्टलबाट प्राप्त १५ वटा गुनासोहरू व्यवस्थापनका लागि नेपाली सेनामा पत्राचार गरिएको र नेपाली सेनाबाट प्राप्त १० वटा गुनासोको जवाफ हेलो सरकारमा पठाइएको, - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट राष्ट्रिय मानव अधिकार आयोगको निर्णय कार्यान्वयनका लागि सिफारिस भई आएका पत्रहरूका सम्बन्धमा नेपाली सेनाबाट प्राप्त ११ वटा जवाफ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, - अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त २ वटा उजुरीहरू नेपाली सेनामा पत्राचार गरिएको र भाद्र महिना अगाडिका ३ वटा उजुरीको जवाफ नेपाली सेनाबाट प्राप्त गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको, - हेलो सरकार बाहेक अन्य निकाय/व्यक्तिमार्फत प्राप्त ३ वटा उजुरी तथा गुनासोहरू नेपाली सेनामा पत्राचार गरिएको, - नेपाली सेनाबाट प्राप्त ४ वटा पत्रहरू राष्ट्रिय मानव अधिकार आयोगका विभिन्न प्रादेशिक कार्यालयहरूमा जानकारीका लागि पठाइएको,

ख. नीति, योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
१.	नीति, योजना तथा सैनिक कल्याण शाखा	- २०८३ असोज महिनाको माइलस्टोन प्रगति र मासिक सूचकको आधारमा प्रगति एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, - यस मन्त्रालय अन्तर्गत २०८३ श्रावण, भाद्र र असोज महिनाको विस्तृत कार्यान्वयन कार्ययोजना (DIP) मा समावेश भएका क्रियाकलापहरुको प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराएको गुगल सिट्समा प्रविष्ट गरिएको, - श्रीमान् रक्षा सचिवको अध्यक्षता एवम् श्रीमान् प्रधानसेनापतिको विशेष उपस्थितीमा आ.व. २०८२/८३ को प्रथम त्रैमासिक अवधिको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक (MDAC) मिति २०८३/०७/१८ गते सम्पन्न भएको, - यस मन्त्रालयको आ.व. २०८२/८३ को वार्षिक प्रगति विवरण मिति २०८३/०७/१८ गते अर्थ मन्त्रालयमा उपलब्ध गराइएको, - यस मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरुको अनुगमन गरी आ.व. २०८२/८३ मा अनुगमनकर्ताले पेस गरेको प्रतिवेदन थान-२ (दुई) मिति २०८३/०७/१८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराइएको, - काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) अन्तर्गत गैर पर्यटक भिसा (५ जना) का लागि अध्यागमन विभागमा पत्राचार गरिएको,
२.	शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा	- संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरुमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका विभिन्न दर्जाका १९६ जनाको मनोनयन स्वीकृति, १९० जनाको विशेष राहदानी सिफारिस तथा ३ जनाको भिसा सिफारिस गरिएको,

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
३.	सूचना विश्लेषण तथा विपद् समन्वय शाखा	- सूचनाको हकसम्बन्धी ऐनले गरेको व्यवस्था बमोजिम आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अवधिमा भए गरेका कामको प्रगति विवरण (Pro-active Disclosure) मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) मार्फत सार्वजनिक गरिएको, - नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं. २ अन्तर्गत यस मन्त्रालयबाट गरिने १० वटा सुधारका कार्यहरूको मासिक प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, - सूचनाको हक सम्बन्धी ऐन बमोजिमको सूचना माग गर्ने १ जना निवेदकलाई मिति २०८३/०७/०९ गते सूचना उपलब्ध गराइएको, - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८२/१२/२५ गते प्राप्त पत्रानुसार **"सिंहदरबारमा आज"** कार्यक्रममा यस मन्त्रालयबाट प्रत्येक दिन सम्पादन गरिएका मुख्य २ (दुई) कार्य सङ्कलन गरी **Google Docs** मार्फत रिपोरिङ गर्ने गरिएको, - विपद् व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार समन्वय, सहजीकरण, तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने गरिएको, - मन्त्रालयको महाशाखागत तथा शाखागत कार्यसम्पादन अवस्थाको मासिक तथ्याङ्क (असोज महिनाको GIOMS रिपोर्टमा आधारित) तयार गरिएको, - मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) नियमित रूपमा अद्यावधिक गरिएको,

ग. सैनिक प्रबन्ध तथा समन्वय महाशाखा

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
१.	प्रबन्ध तथा खरिद व्यवस्थापन शाखा	- VVIP उडान तथा हेली उद्धार (१२ पटक), सुरक्षा प्रबन्ध तथा ड्रोन उडानको सहमति (४ पटक) दिने सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायहरूसँग निरन्तर सहजीकरण गरिएको, - विभिन्न ९ (नौ) वटा जलविद्युत आयोजना एवम् ३ (तीन) वटा औद्योगिक प्रयोजनका लागि आवश्यक विष्फोटक पदार्थको खरिद, आयात, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालयमा राय/प्रतिक्रिया उपलब्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिएको, - नेपाली सेनासँग सम्बन्धित विभिन्न सामग्री आयात गर्दा भन्सार महसुल छुटका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरिएको सँख्या ७ (सात), - मन्त्रालयको चालु आ.व. २०८३/८४ मा मसलन्द सामग्री खरिदका लागि भएको सम्झौताबमोजिम आपूर्तिकर्ताबाट आपूर्ति हुने सामानहरू कार्यालयमा दाखिला गर्नुअघि सम्झौताका सर्त र प्राविधिक स्पेशिफिकेशन (Technical Specifications) अनुरूप भए/नभएको यकिन गर्न मालसामानको Pre-Delivery Inspection (PDI) गरी प्रतिवेदन पेस गर्ने कार्यका लागि निरीक्षण समितिलाई जिम्मेवारी तोकिएको, - मन्त्रालयको नियमित उच्च व्यवस्थापन समूह बैठक (SMT) मिति २०८३/०७/१६ गते र कर्मचारी बैठक मिति २०८३/०७/१७ गते सम्पन्न भएको,
२.	आर्थिक प्रशासन शाखा	- २०८३ कार्तिक मसान्तसम्म चालु खर्च २४.१०% र पुँजीगत खर्च ६.५५% भएको,